# स्थानीय राजपत्र


गोकर्णेश्वर नगरपालिका, काठमाडौँद्वारा प्रकाशित

खण्डः ५) काठमाडौँ, असार २८ गते, २०७८ साल संख्याः२


## भाग १

## गोकर्णेश्वर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय,
## वागमती प्रदेश, नेपाल ।

नेपालको संविधान बमोजिम गोकर्णेश्वर नगरपालिकाको नगर सभाले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

# गोकर्णेश्वर नगरपालिकाको विनियोजन ऐन, २०७८

सम्वत् २०७८ सालको ऐन नं. २

मूल्य रु : ५/-

## प्रस्तावनाः

गोकर्णेश्वर नगरपालिकाको आर्थिक बर्ष २०७८।०७९को सेवा र कार्यहरुको लागि संचित कोषबाट रकम खर्च गर्ने अधिकार दिन र सो रकम बिनियोजन गर्न बान्छनीय भएकोले, नेपालको संबिधानको भाग १९ धारा २२९ को उपधारा (२) ले दिएको अधिकार प्रयोग गरी गोकर्णेश्वर नगरपालिकाको सातौं नगर सभाले यो विनियोजन ऐन, २०७८ बनाएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भः**

(१) यस ऐनको नाम "गोकर्णेश्वर नगरपालिकाको बिनियोजन ऐन, २०७८" रहेको छ ।

(२) यो ऐन आर्थिक बर्ष २०७८।०७९को श्रावण १ गतेबाट प्रारम्भ हुनेछ ।

**२. आर्थिक बर्ष २०७८।०७९को निमित्त संचित कोषबाट रकम खर्च गर्ने अधिकारः**

(१) आर्थिक बर्ष २०७८।०७९को निमित्त नगर कार्यपालिका, वडा समिति, बिषयगत शाखाले गर्ने सेवा र कार्यहरु संचालनका लागि अनुसूचीहरुमा उल्लेखित चालु खर्च, पूँजीगत खर्च र वित्तीय व्यवस्थाको रकम समेत गरी जम्मा रु. २०४०४१४०००।- ( अक्षरुपी दुई अर्ब चार करोड चार लाख चौध हजार मात्र) मा नबढाई निर्दिष्ट गरिए

बमोजिम संचित कोषबाट रकम खर्च गर्न सकिने छ ।

३. **विनियोजनः**

(१) यस ऐनद्वारा संचित कोषबाट खर्च गर्न अधिकार दिईएको रकम आर्थिक बर्ष २०७८।०७९ को निमित्त गोकर्णेश्वर नगरपालिकाको नगर कार्यपालिका, वडा समिति र बिषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिने छ ।

(२) उपदफा १ मा जुनसुकै कुरा लेखिएको भएता पनि कार्यापालिका, वडा समिति र बिषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकम मध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा नगर कार्यपालिकाले वचत शिर्षकबाट नपुग हुने शिर्षकमा रकम सार्न सकिने छ । यसरी रकम सार्दा एक शिर्षकबाट सो शिर्षकको जम्मा रकमको २५ प्रतिशत नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शिर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शिर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिने छ । पुजिगत र बित्तिय व्यवस्था तर्फ बिनियोजन रकम साँवा भुक्तानी खर्च र ब्याज भुक्तानी खर्च शिर्षकमा बाहेक अन्य चालू खर्च शिर्षक तर्फ सार्न र बित्तिय व्यवस्था

अन्तर्गत सावाँ भुक्तानी खर्च शिर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन ।

(३) उपदफा २ मा जुनसुकै कुरा लेखिएको भएता पनि एक शिर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको २५ प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा नगर सभाको स्वीकृती लिनु पर्ने छ तर चालु तथा पुजिगत खर्च र बित्तिय ब्यवस्थाको खर्च ब्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिने छ ।

(४) माथि जुन सुकै कुरा लेखिएको भएता पनि मागमा आधारित तथा नगरस्तरिय पुर्वधार बिकासका बिशेष कार्यक्रमका लागि एकमुष्ट बिनियोजन गरिएको रकमलाई कार्यबिधि बनाई कार्यान्वयन गर्न बाधा परेको मानिने छैन ।

(५) फुटकर तथा आकस्मिक योजना संचालन गर्न कार्यपालिका बैठकले आवश्यक ब्यवस्था गर्न सक्ने छ ।

नगर सभाबाट स्वीकृत मितिः२०७८।३।१८
प्रमाणीकरण मितिः२०७८।३।१८
प्रकाशित मिति : २०७८।३।२८

आज्ञाले,

राम प्रसाद आचार्य

प्रमुख प्रशासकीय अधिकृत